सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

मितिः २०७८।०६।१९

च.नं. ३३७

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

विषयः बोनस शेयर तथा नगद लाभांश घोषणाको जानकारी सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस डेभलपमेन्ट बैंकको आज मिति २०७८।०६।१९ गते दिउँसो ३.३० बजे वसेको २७७ औं सञ्चालक समितिको बैठकबाट यस डेभलपमेन्ट बैंकका शेयरधनीहरुलाई आ.व. ०७७/०७८ को संचित मुनाफाबाट चुक्ता पूँजी रु २,७३,६९,७२,४२०/- को १० प्रतिशत अर्थात रकम रु.२७,३६,९७,२४२/- (अक्षेरुपी सत्ताइस करोड छत्तीस लाख सन्तानब्बे हजार दुई सय बयालीस मात्र) को बोनस शेयर र उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि चुक्ता पूँजीको ०.५२६३ प्रतिशतले हुन आउने रकम रु. १,४४,०५,११८/- (अक्षेरुपी एक करोड चवालीस लाख पाँच हजार एक सय अठार मात्र) नगद लाभांश समेत गरी जम्मा १०.५२६३ प्रतिशत लाभांश वितरणको प्रस्ताव गर्ने निर्णय भएको व्यहोरा तहाँको जानकारीका लागि अनुरोध छ । उक्त प्रस्ताव नेपाल राष्ट्र बैंकबाट स्विकृत प्राप्त भए पश्चात यस डेभलपमेन्ट बैंकको १७ औं साधारण सभाबाट पारित भएपछि मात्र शेयरधनीहरुलाई वितरण गरिने निर्णय भएको व्यहोरा समेत जानकारीका लागि अनुरोध गर्दछौ ।

सहयोगको लागि धन्यवाद ।

भवदीय

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

सुयोग श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

बोधार्थ

१) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौ ।
२) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण, बालुवाटार, काठमाण्डौ ।
३) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर
४) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाण्डौ ।
५) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
६) श्री एनआइविएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।